आज मिति २०८३ साल असोज महिनाको १५ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १४८ औं नगर कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा निम्नानुसार निर्णय गरियो ।

## उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री खड्ग बहादुर राना | नि. प्रमुख प्रशासकीय अधिकृत | |

## अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |
| | | |

## मिति २०८३।०६।१५ गतेको १४८ औं कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं. १:

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखराको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सूचना अनुसार भीरकोट नगरपालिकाले कार्यविधिमा तोकिएको लागत साझेदारीमा चालु आर्थिक बर्षमा कार्यान्वयन गर्नेगरी निम्नानुसारको कार्यक्रमको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

परियोजनाको नामः उज्यालो सुरक्षित भीरकोट अभियान कार्यक्रमः AI आधारित डेडिकेटेड नगर सुरक्षा CCTV, सुरक्षित सर्भर, सेन्सरयुक्त सौर्य बत्ती र स्ट्रिट नम्बरिङ आयोजना

निर्णय नं. २:

भीरकोट नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण लम्साल सरुवा भई अन्यत्र जानुभएको र उपसचिव श्री अनिता पौडेलको यस कार्यालयमा सरुवा भएकोमा हालसम्म हाजिर हुन नआउनु भएको हुँदा यस नगरपालिका अन्तर्गत कार्यरत शिक्षक, कर्मचारीको चालु आ.ब. २०८३ आश्विन मसान्तसम्मको कर्मचारी र शिक्षकको तलबभत्ता, पदाधिकारीको सेवा सुविधा र प्रथम त्रैमासिक अवधिको सामाजिक सुरक्षा भत्ता भुक्तानीको लागि मात्र यस कार्यालयमा कार्यरत उपसचिव (नवौ तह, शिक्षा) श्री खड्ग बहादुर रानालाई उल्लेखित प्रयोजनका लागि आर्थिक अधिकार प्रदान गर्नका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

विद्यालय अनुगमन, सुपरिवेक्षण तथा शिक्षक पेशागत सहायता सम्बन्धी कार्यविधि,२०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४:**

भीरकोट नगरपालिका क्षेत्रमा ई-रिक्सा तथा अटो रिक्सा संचालन गर्नका लागि नगरपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुबाट सिफारिस भई आएका तपसिल बमोजिमका व्यवसायिहरुको माग निवेदन बमोजिम तपसिल बमोजिमका ई-रिक्सां/अटो रिक्सा दर्ता गर्ने ।

**तपसिल**

| क्र.स. | व्यवसायीको नाम | ठेगाना | सवारी इन्जिन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | नर बहादुर राना | अर्जुनचौपारी-६, स्याङ्जा | AZXWSD85871 | |
| २ | अकबर अलि मिया | भीरकोट-१, स्याङ्जा | AZXWRD48969 | |

**निर्णय नं. ५:**

ट्युसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

साविक जिल्ला शिक्षा कार्यालय, स्याङ्जाबाट अनुमति प्रदान गरिएको ईश्लामिक हनिफ मदर्शा, दार्शिङ, दहथुम-६, स्याङ्जाको नाम परिवर्तन गरी ईस्लामिक हनिफी मदर्शा नामाकरण गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख